# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०१/१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

काठमाडौ, महानगरपालिका, वडा नं-३५ कोटेश्वरस्थित ग्रिनल्याण्ड अर्गानिक फर्म प्रा.लि. नामक कफि उद्योग संचालकले खाद्य उद्योग अनुज्ञापत्रको नविकरण गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाण्डौमा पटक पटक गई नविकरणको लागि अनुरोध गर्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाण्डौमा कार्यरत खाद्य अनुसन्धान अधिकृत श्री रत्ननिधि चिलुवालले सो काम नगरी आलटाल गरि उक्त कार्य गर्नको लागि रु. १०,०००।- (दश हजार) घुस माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले रु.१०,०००।- (दश हजार) घुस रिसवत सहित निज रत्ननिधि चिलुवाललाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल काठमाण्डौ स्थित कार्यालय परिसरबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिएको हुंदा निजलाई बिगो रू. १०,०००।- (दश हजार) कायम गरी सोही ऐनको दफा ३ (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता